# विनियोजन ऐन
# २०७७

कटहरी गाउँपालिका

मोरङ

Scanned with CamScanner

# स्थानीय तहको विनियोजन विधेयक२०७७

**कटहरी गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७७/०३/११

**प्रस्तावनाः** कटहरी गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीयभएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम .कटहरीगाउँ सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम"कटहरी गाउँपालिकाको विनियोजन ऐन, २०७७"रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिकवर्ष २०७७/०७८को निमित्त गाउँका, वडा समिति, विषयगत शाखालेगर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४०,८५,००,०००। (चालीस करोड पचासीलाख रुपैयामात्र) मानबढाई निर्दिष्टगरिए बमोजिम सञ्चितकोषबाटखर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाटखर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७७/०७८को निमित्त कटहरी.गाउँकार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका,वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाटसो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।तर चालु तथा पूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

Scanned with CamScanner

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाटसो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | कुल जम्मा | शिर्षक अनुसार जम्मा |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| १ | | गा.पा.वाट अ.ल्या | १०००० | ३२००० |
| २ | | गाउँपालिका आन्तरीक आम्दानी | २२००० | |
| ३ | | संघिय सरकारवाट वितिय समानीकरण अनुदान | १२८९०० | १३६३१० |
| ४ | | प्रदेस सरकारवाट वितिय समानीकरण अनुदान | ७४१० | |
| ५ | | संघीय सरकारवाट राजश्व बाँडफाड | ७६६१९ | ८१३९० |
| ६ | | प्रदेश सरकारवाट राजश्वबाँडफाड | ४७७१ | |
| ७ | | संघ समपुरक अनुदान | १६७०० | १६७०० |
| ८ | | सघीय सर्सत अनुदान | १४२१०० | १४२१०० |
| ९ | | प्रदेश सर्सतअनुदान | ० | |
| | | कुलजम्मा | ४०८५०० | ४०८५०० |
| | | | | |

प्रमाणितगर्ने :

दस्तखत : [signature]

नाम थर: श्री रामकुमार कामत

पद : अध्यक्ष

Scanned with CamScanner